


PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epraateekdaily.com





❖ वर्ष ३४ ❖ २०७८ असार २५ गते शुक्रवार // मृत भस्म नबन्दैमा भ्किल्को भैकन बल्नुछ // 2021 July 09 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३११

## असारे विकास : वर्षात्‌मा सडक ढलान

प्रस, भिस्वा, २४ असार/

छिपहरमाई गाउँपालिकामा वर्षाको समयमा पनि सडक ढलानको काम जारी छ ।



वर्षासँगै सडक ढलान हुँदै र कामबाट विक्षुब्ध स्थानीय गुनासो पोख्दै । तस्वीरः प्रतीक

स्थानीय मङ्गल माविदेखि भारतीय सीमासम्म सडक ढलानको ठेक्का सकार गरेको गुनगुन कन्स्ट्रक्शन छिपहरमाई–५ ले वर्षा भइरहेको समयमा ढलान कार्यलाई तीव्रता दिएको छ ।

२९७.५० मिटर सडक ढलानको लागि सो कन्स्ट्रक्शनले रु ५३ लाख ४२ हजारमा ठेक्का सकार गरेको छ । जेठ १ गते सम्झौता गरेको गुनगुनले सडक ढलानको काम आगामी कात्तिक मसान्तसम्म पूरा गर्नुपर्ने सम्झौता छ । तर असारमा नै सम्पन्न गर्नेगरी वर्षा भइरहेको बेला पनि ढलानको कामलाई तीव्रता दिएकोले सडक टिकाउ नहुनेमा स्थानीयहरू ढुक्क छन् । स्थानीय सुरेन्द्र जयसवालले वर्षायाम सकिएपछि पनि ठेकेदारले काम सम्पन्न गर्ने समयसीमा रहँदा हतारहतारमा वर्षामा काम गर्नुको कारण चाहिं असारे विकास रहेको बताए । उनले वर्षायाममा गरिएको कामको दोष ठेकेदारमाथि नपर्ने हुँदा यो समयमा काम भइरहेको बताए । अर्का महमद जान मियाँ, शशिभूषण गुप्ता, भोला मियाँ र अनिल जयसवालले भने सम्झौताअनुरूपको काम नभएको आरोप लगाए । उनीहरूले ९/९ भाँडो बालुवा र गिट्टी तथा एक भाँडो सिमेन्टको प्रयोग भइरहेको भन्दै सडक ढलान टिकाउ नहुने दाबी गरे । सिमेन्टको प्रयोग कम भएको र बालुवा तथा गिट्टीमा वर्षायामका कारण माटो मिसिएकोले ढलान टिकाउ नहुने उनीहरूको तर्क छ ।

## पटेर्वासुगौली गापाद्वारा ३६ करोडको बजेट प्रस्तुत

प्रस, पंचगावाँ, २४ असार/

पटेर्वासुगौली गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रमसहित अनुमानित रु ३६ करोडको बजेट प्रस्तुत गरेको छ ।




तस्वीरः प्रतीक

गापा अध्यक्ष हरिनारायण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष ममता महतोले नीति तथा कार्यक्रमसहित आगामी वर्षको लागि अनुमानित रु ३६ करोड ८९ लाख २६ हजार ९ सय १३ को बजेट प्रस्तुत गरिन् । बजेट प्रस्तुत गर्दै उपाध्यक्ष महतोले गापाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, भौतिक पूर्वाधारलगायतमा विशेष प्राथमिकता दिएको बताइन् । उनले दुधेश्वरनाथ महादेव, गादीमाई, भौरीमाई, वनस्पतिमाईलाई पर्यटन क्षेत्र बनाउने, सामुदायिक विद्यालयको परीक्षामा उत्तीर्ण भएका विद्यार्थीलाई पुरस्कार वितरण गर्ने, सबै विद्यालयमा इन्टरनेट जडान गर्ने, बालमैत्री विद्यालय बनाउने, घर–घरमा स्वास्थ्य सेवा प्रदान गर्ने, गर्भवती महिलालाई निश्शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने, गापालाई पूर्ण खोपयुक्त पालिका घोषणा गर्ने नीति तथा कार्यक्रममा रहेको जानकारी गराइन् । यसैगरी, गर्भवती महिलालाई पोषणभत्ता दिने, सार्वजनिक शौचालय निर्माण गर्ने, फोहोरको उचित व्यवस्थापन गर्ने, आयआर्जनको लागि सीप विकास तालीम दिइने, सामाजिक कुरीति हटाउनेलगायतका विषयहरू नीति तथा कार्यक्रममा रहेको र सोहीअनुरूप बजेट विनियोजन गरिने आश्वासन दिइन् ।

कार्यक्रममा वडाध्यक्षहरू फरमान मियाँ अन्सारी, विजय गैरे, राजेश्वर महतो, मोतीलाल साहलगायत सहभागी थिए ।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादवले स्वागत र सञ्चालन शिक्षा शाखा प्रमुख शम्भु साहले गरेका थिए ।




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epraateekdaily.com

## तटबन्धले सुरक्षाको अनुभूति

प्रस, निजगढ, २४ असार/

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण



निजगढ नपाले लगाएको तटबन्धको अवस्था र राष्ट्रपति चुरे संरक्षणद्वारा निर्माण भइरहेको तटबन्ध । तस्वीरः जीतलाल श्रेष्ठ

विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ भरतपुर चितवनले तटबन्ध गरेको क्षेत्रका बासिन्दाहरूले यस वर्ष सुरक्षाको अनुभूति गरेका छन् । समितिले गत वर्ष र यस वर्ष बर्खा लाग्नुअघि नै तटबन्ध निर्माण गरेको थियो ।

मकवानपुर र बारामा रहेका करीब दुई हजार घरधुरीका साथै सो क्षेत्रका विद्यालय, बस्ती, पुल, राजमार्ग पनि सुरक्षित हुन पुगेका छन् ।

चुरे भएर बग्ने सिमात, जुइना, कत्ले, लालबकैया, बिजौरी, पसाहा, धन्सार खोलालगायतका नदी, खोला, खहरेहरूमा राष्ट्रपति चुरे संरक्षण समितिले विभिन्न स्थानमा गत वर्ष र यस वर्ष तटबन्ध निर्माण गरेको हो । सोही तटबन्धको कारण मकवानपुरको बकैया गाउँपालिका, बाराको निजगढ नगरपालिकाका करीब दुई हजार घर, पुल, राजमार्ग कटान र डुबानबाट सुरक्षित भएका छन् ।

यस वर्ष सिमात खोलामा गरिएको ग्यावियन तटबन्धले आफूहरू सुरक्षित भएको बकैया गाउँपालिका–४ मकवानपुरका नारायण घिमिरेले बताए । गत वर्ष यहाँ तटबन्ध गर्न नसक्दा ५०–६० बिघाभन्दा बढी खेतबारी कटान भएको थियो भने बस्ती डुबानमा परेको थियो । राष्ट्रपति चुरे संरक्षण समितिले तटबन्ध लगाइदिएर ठूलो गुन लगाएको सोही गाउँपालिका वडा नं ५ कर्मचुलीका अनिल विकले बताए ।

सिमात–बकैया, कत्ले र जुइना खोलामा विगतमा निर्माण भएको तटबन्धले बस्तीको सुरक्षासँगै तीन सय हेक्टरभन्दा बढी जमीन नदी उकास भएको छ ।

चुरे भएर तीव्र गतिमा बग्ने यी नदी, खोला, खहरेले मकवानपुरको बकैया गाउँपालिकाको ४, ५, ६, ७ नं वडामा कटान र डुबानको उच्च जोखिम थियो । तटबन्ध निर्माण भएपछि त्यहाँका माझी बस्ती, जुरेली बजार, कर्मचुलीलगायत ८ सयभन्दा बढी घर पनि सुरक्षित भएका छन् भने मदन भण्डारी लोकमार्ग अन्तर्गत सिमात खोलामा रहेको पक्की पुलसमेत सुरक्षित भएको छ ।

तटबन्ध गरिनु पहिले हिउँदमा जताततै बगर देखिन्थ्यो भने वर्षामा जलमग्न । सो क्षेत्रमा यो वर्ष जलमग्न देखिएको छैन । "राम्रो काम गर्ने हाम्रो चाहना, उद्देश्य र जिम्मेवारी हो । त्यहीअनुरूप काम अघि बढाइरहेका छौं," राष्ट्रपति चुरे संरक्षण समितिका प्राविधिक अनिल सिन्हाले बताए ।

त्यसैगरी, चुरे भएर दक्षिणतर्फ बग्ने निजगढस्थित लालबकैया खोलाका तीन स्थानमा गत वर्ष र यस वर्ष तटबन्ध बाधिएसँगै १५ सयभन्दा बढी घरधुरी बाढीको उच्च जोखिमबाट सुरक्षित हुन पुगेका छन् । गत वर्ष सो खोलाको खिला र बकैया पुलको दक्षिणतर्फ र यस वर्ष मोहोरीमा तटबन्ध बाँधिएपछि निजगढ नगरपालिकाका वडा नं ४, ५, ८ र ९ मा रहेका सयौं घर, राजमार्ग, सडक सुरक्षित हुन पुगेको स्थानीय सागर गौतम बताउँछन् ।

यस वर्ष मोहोरीमा तटबन्ध नगरिएको भए अहिलेको वर्षा बस्तीभित्र पस्थ्यो र धेरै जनधनको क्षति हुन्थ्यो । तर राष्ट्रपति चुरे संरक्षणाले तारजाली लगाएपछि बस्ती जोगिएको छ, अर्का स्थानीय हस्तबहादुर कार्कीले बताए ।

अर्कोतर्फ स्थानीय तह निजगढ नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का लगाएर करोडौं रकम आर्जन गरे पनि दिगो तटबन्ध निर्माणमा उचित ध्यान नपुऱ्याउँदा बस्ती, राजमार्ग, बकैया पुल, पक्की ड्यामसमेत उच्च जोखिममा पर्दै गएको प्रभावित क्षेत्रका बासिन्दाले गुनासो गरेका छन् ।

## नाका बन्दले चोरबाटोको प्रयोग बढ्यो –नगरप्रमुख सरावगी

प्रस, वीरगंज, २४ असार/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले नाका




तस्वीरः प्रतीक

नखोलिएको कारण चोरबाटोको प्रयोग बढेको बताएका छन् ।

बिहीवार वीरगंजमा मानव अधिकार पत्रकार सङ्घले क्रस बोर्डरका मुद्दामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख सरावगीले नेपाल–भारत सीमा भारत सरकारले एकतर्फीरूपमा खोलिसकेको डेढ वर्ष हुन लाग्दा पनि नेपाल सरकारले बन्द राखेर नागरिकलाई चोरबाटो प्रयोग गर्न बाध्य पारेको बताए । उनले सरकार सीमा बन्द गरेको अवधिमा आफ्ना नागरिकलाई कोरोनाविरुद्धको खोप दिन नसकेको भनी चिन्ता व्यक्त गरे । हाम्रो सरकारको एकतर्फी सीमा बन्दले मर्दापर्दाको अवस्थामा आवतजावतमा नागरिकले समस्या भोग्नुपरिरहेको बताए । उनले नाका नखोलिएको कारण चोरबाटोको प्रयोग बढेको दाबी गरे ।

नगरप्रमुख सरावगीले सीमाबाट हुने मानव, लागूऔषध र सामानको तस्करी दुवै देशका नागरिक मिलेर मात्रै हुने गरेको बताए । सोको नियन्त्रणका लागि दुवै देशका सरोकारवाला निकाय गम्भीर हुनुपर्ने उनले बताए ।

उनले वीरगंज ग्रीनजोनमा परिणत भएको महीनाभन्दा बढी भइसक्दा पनि विद्यालय सञ्चालनमा रोक लगाइएको भन्दै आक्रोश व्यक्त गरे । स्वास्थ्य मापदण्ड पूरा गर्दा पनि विद्यालय सञ्चालनमा रोक लगाउनु न्यायसङ्गत नभएको उनले जिकिर गरे । वीरगंजमा रहेका ९० वटा सामुदायिक विद्यालयमा

(बाँकी अन्तिम पातामा)

बाढी, पहिरो, डुबानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**जिन्दगीले पाइलापाइलामा परीक्षा लिन्छ। दुःख दिनका लागि होइन, मानिसलाई केही न केही बनाउनका लागि।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# कता छ नागरिक समाज

**हरेक वर्ष असार, साउन र भदौ तीन महीना नदीजन्य पदार्थ उत्खनन गर्न पाईँदैन। यस अवधिमा वन पैदावार पनि कटान, मुछान तथा जङ्गलबाट निकासी, पैठारी गर्न नपाउने कानूनी व्यवस्था छ। हाम्रो मुलुकको मात्रै कुरा होइन, हामीकहाँ जस्तै हावापानी, मौसम तथा वातावरण मिल्ने अन्य मुलुकमा पनि यही चलन छ। प्राणीजगत्को कल्याणका लागि जैविक विविधताको संरक्षण अनिवार्य शर्त हो। कुनै पनि मुलुकमा मनसून शुरू भएपछिको अवधिलाई सतर्कताको अवधि मानिन्छ। यस अवधिमा प्रकृतिलाई खलबल्याउने किसिमका कुनै पनि गतिविधि हुनुहुँदैन। अधिकांश प्राणीले बर्खायाम लाग्नुपूर्व नै आफ्नो सुरक्षित बासस्थानको जोहो गरेका हुन्छन्। दुलो, गुफा या गुँडमा बस्ने कतिपय प्राणीले उक्त अवधिको लागि आफ्नो आहारको समेत व्यवस्था गरेका हुन्छन्। त्यति बेला जमीन वा बोट, वृक्ष चलाउँदा जलचर, थलचर, उभयचर कुनै पनि प्राणीको लागि घातक हुन्छ। उनीहरूको बासस्थान उजाडिने, बिछोडिने र अस्तित्व धरापमा पर्ने अवस्था सिर्जना हुन सक्छ।**

**बोटबिरुवाले पालुवा फेर्ने, नयाँ बिरुवा पलाउने, अङ्कुरण हुने, जरा फैलाउने तथा वृद्धि र विकास हुने अवधि पनि मनसून शुरू भएपछि नै हो। यस कार्यमा कुनै पनि कारणले खलल पुगेमा बोटबिरुवाको नियमित चक्रमा अवरोध पुग्छ। यसले वातावरण संरक्षणमा प्रत्यक्ष असर पर्ने र त्यो असरले मानवजगत्लाई क्षति पुर्याउँछ। बोटबिरुवा र नदी, खोला, खहरे, चुरे पहाड साथै मानवबीच प्रतिरक्षात्मक सम्बन्ध छ। बोटबिरुवा नभए चुरे रहँदैन। चुरेभन्दा माथि पहाडमा मानव बसोबासका लागि पनि बोटबिरुवा चाहिन्छ। मानवको लागि अन्न चाहियो, त्यो अन्न फलाउन माटो आवश्यक पर्छ। पहाडको पिठ्यूँमा अन्न फलाउने माटो अड्याएर राख्न बोटबिरुवाकै सहारा चाहिन्छ। बर्खाको बेला जमीनको सतहलाई खन्ने, खोतल्ने वा हल्लाउने तथा परकम्प दिने जस्ता कुनै पनि कार्यले जमीनको खदिलोपन फुस्कन्छ र जमीन कमजोर हुन्छ। जहाँ बोटबिरुवा छैन, त्यहाँ पनि जमीनको सतह कमजोर हुन्छ र भूक्षयले बाटो पाउँछ। जति धेरै भूस्खलन वा भूक्षय भयो, बर्खाको बेला त्यति नै नदी, खोला, खहरेले कटान, डुबान एवं धार परिवर्तन गर्ने बल पाउँछ। यसैले गर्दा ठूला प्राकृतिक विपद्हरू निम्तिएका हुन्।**

**मुलुकले नागरिकको हितका लागि नियम कानून बनाएको हुन्छ। त्यसको पालना गर्नु नागरिकको परम दायित्व र सरोकार पनि हो। सर्वसाधारणको गाउँबस्तीमा खोला पस्दा वा बाढीपहिरो लाग्दा सरकार चलाउने नेतालाई खति हुने होइन। सर्वसाधारणलाई नै खति हुने कुरामा समाज किन मूकदर्शक बन्ने ? कानूनले निषेध गरेको समयमा तस्करले नदी उत्खनन् गरेर नदीजन्य पदार्थ ओसारिरहँदा नागरिक समाज सरकारको टाउकोमा दोष थोपर्दै रमिते बनेको छ। सरकारमा बस्नेहरू त त्यस्तै चाहन्छन्। कानून तोड्ने हिम्मत तस्करले त्यतिकै गर्दैन। कनेक्शन, सिन्डीकेट र सेटिङ मिलेकै हुन्छ। आखिर प्रत्यक्ष विनाश सहनुपर्ने सर्वसाधारणले हो। नागरिक एक हुँदा निरङ्कुश तानाशाहहरूको ठेगान लागेको इतिहास साक्षी छ। निस्स्वार्थ साथ लाग्ने हो भने तस्करलाई तह लगाउनु ठूलो कुरा होइन। तर यहाँ त समाज विकृत छ। तस्कर र अपराधीका मान्छे टोलसमाजभित्रै हरियो साँप बनेर बसेका छन्।**

# अवैज्ञानिक भूमि वितरण : हाम्रो गरीबीको कारण

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**उद्योग, व्यापार र कृषिको सन्तोषजनक विकास नभएको र यी क्षेत्रहरूले भरपर्दो किसिमले रोजगार उपलब्ध गराउन नसकेको परिप्रेक्ष्यमा वर्तमान भूमि व्यवस्थामा सुधार ल्याउन अति आवश्यक छ। सीमान्तकृत कृषक (कृषि मजदूर) हरूको हातमा जमीनको सानो अंश भए पनि पुर्याउन आवश्यक छ।**

हामी गरीब किन भयौं ? नेपाल विश्वका अति गरीब राष्ट्रहरूमध्ये एक कसरी हुन आयो ? के कस्ता कारणले हाम्रो राष्ट्रिय उत्पादन अपेक्षित मात्रामा वृद्धि भएन ? किन हामी आधुनिक नेपालको स्थापनाकालदेखि नै गरीब रहँदै आएका छौं ? आउनुहोस् यी प्रश्नहरूको उत्तर खोजौं। यी प्रश्नका उत्तरहरूले हामीलाई अति गरीबीबाट मुक्ति पाउने तरीका देखाउने छ।

इतिहास हेर्दा प्रस्ट हुन्छ, नेपालको भूमि व्यवस्था राजा, महाराजाहरूको हित अनुकूल रहँदै आएको छ। उनीहरूको हित अनुकूल हुनुको कारण राजा भनेको देशको मालिक भन्ने चिन्तन र परम्परा थियो। राजाहरू देशको मालिक मानिएकाले भूमि व्यवस्थापन पनि उनीहरूको इच्छा अनुसार हुँदै गयो। राजाहरूले तत्कालीन समयको माग तथा आफ्नो आर्थिक फाइदाका लागि विभिन्न किसिमले जमीनको उपयोग गर्न थाले। देशको अनेक भूभाग राजाहरूको सम्पत्ति मानिएकोले जमीनमाथि राजा एवं राजदरबारको नियन्त्रण कायम रह्यो। जमीनमाथि वास्तविक कृषकको स्वामित्व एवं नियन्त्रण कायम हुन सकेन। राजाका नजीक वा उनका नातेदारहरूको हातमा जमीनको ठूलो अंश पर्न गयो।

राजाहरूले विभिन्न सानासाना राज्य विजय गर्दै गए, विजयी राजाहरूले युद्धद्वारा प्राप्त र आफ्नो नियन्त्रणमा रहेको जग्गा प्रयोग गर्न जमीनदार नियुक्त गर्न थाले। जमीनदारहरूले प्राप्त जग्गा प्रयोग गरेबापत राजालाई शुल्क बुझाउन थाले। यसरी नेपालमा जमीनदारी प्रथा उदय भयो। जमीनदारहरूले राजासँग ठेक्कामा लिएको जमीन जोत्न थाले र तोकिएको शुल्क राजालाई बुझाउन थाले। यसरी केही सीमित जमीनदारहरूको हातमा राष्ट्रिय जमीनको ठूलो अंश पर्न गयो। जमीनदारी सकार्न नेपाल मात्र होइन, भारतका पनि धनी वा पेशेवर (जमीनसम्बन्धी काम गर्ने) व्यक्तिहरू नेपाल आए। उनीहरूले तराईका धेरै जमीन जमीनदारीको रूपमा लिए।

नेपालका सामान्य वा कृषियोग्य जमीन परम्परागतरूपमा राजा वा जमीनदारको स्वामित्वमा रहँदै आयो। वास्तवमा जसले कृषि कार्य गर्ने हो उनीहरू जमीनको स्वामित्वबाट विमुख मात्र भएनन्, स्थानीयस्तरमा उनीहरू जमीनदारहरूका स्थायी वा अस्थायी मजदूर भए। अर्कोतिर जमीनदारहरूले निरन्तर आफ्नो जमीनदारी अन्तर्गत प्रयोग गरेको जमीनको स्वामित्व पनि लिए। पछि त्यो जमीनको मालिक पनि भए। यसरी एउटा जमीनदारको हातमा (तराईमा) हजारौं बिघा जमीन रहन गयो भने वास्तविक कृषक कहिले जमीनको मालिक हुन सकेन। वास्तविक कृषकको काम जमीनदारको काम गर्नु र प्राप्त भएको ज्यालाले जीविका चलाउनु हुन पुग्यो। जमीनदारहरूले ज्यादा कम पारिश्रमिक कृषि मजदूरहरूलाई दिने गरेकाले कृषि मजदूरहरूले प्राप्त गरेको ज्याला केवल पेट भर्न (दैनिक खर्च टार्न) मा नै सीमित भयो। कृषि मजदूरहरूसँग यो कारणले गर्दा कहिले पनि बचत हुन सकेन र उनीहरू गरीबीको दुष्चक्रबाट कहिले पनि बाहिर आउन सकेनन्। सदा गरीबीको जाँतोमा पिसिइरहे। नेपाल लामो समयदेखि गरीब राष्ट्र हुँदै आउनुको पछाडि वास्तविक कृषक जमीनको स्वामित्वबाट वञ्चित हुनु पनि हो। ज्यादै कम ज्याला पाउने हुनाले बढी परिश्रम गर्दा पनि वास्तविक कृषक (कृषि मजदूर) हरूले राम्रो आम्दानी प्राप्त गर्न सकेनन्। उनीहरूसँग बचत पनि भएन। सदा गरीबीमा बाँच्न बाध्य भए।

अन्य राजाहरूभन्दा राजा महेन्द्रले देशको अर्थ व्यवस्था राम्ररी बुझे। उनले नेपालमा गरीबीको मुख्य कारण 'असमान भूमि वितरण' हो भन्ने तथ्य स्वीकार गरे। उनले आफ्नो शासनकालमा 'भूमि सम्बन्धी ऐन २०२१ लागू (लालमोहर र प्रकाशित मिति–२०२१।८।१) गरे। उक्त भूमिसम्बन्धी ऐन २०२१ को प्रस्तावनामा यस प्रकार लेखिएको थियो–मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पूँजी र जनसङ्ख्याको भार झिकी अर्थ व्यवस्थाको अन्य क्षेत्रमा लगाउन, र कृषियोग्य भूमिको न्यायोचित वितरण र कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन, र कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

भूमिसम्बन्धी ऐन २०२१ ले दुईवटा महत्त्वपूर्ण काम गर्‍यो। पहिलो, परम्परागतरूपमा चलिआएको जमीनदारी (जीम्दारी) प्रथाको उन्मूलन (परिच्छेद २) र दोस्रो, जग्गाको हदबन्दी (परिच्छेद ३) कायम गर्‍यो। जग्गाको हदबन्दी अनुसार भित्री मधेस र तराईको क्षेत्रमा एक कृषक परिवारले केवल १० बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनी जमीन राख्न पाउने नयाँ कानूनी व्यवस्था भयो।

कृषि क्षेत्रमा व्यापक सुधार ल्याउन जारी गरिएको भूमिसम्बन्धी ऐन २०२१ ले, जुन 'भूमि सुधार' नामबाट चर्चित भयो, अपेक्षित सफलता पाउन सकेन। यो ऐन जारी भएपछि धेरै जमीनदार वा धनीहरूले यथार्थ जमीनको परिमाण लुकाए। आफ्ना नातेदारहरूको नाममा जग्गा नामसारी वा नक्कली बिक्री गरेर जग्गाको ठूलो अंश आफ्नै हातमा राखे। तर पनि यो ऐनले महत्त्वपूर्ण काम गर्‍यो। जस्तै, ऐन जारी भएपछि कानूनीरूपमा कुनै पनि व्यक्ति वा परिवारले तोकिएको परिमाणभन्दा बढी जग्गा राख्न पाएन र जमीनको वास्तविक नाप कायम भयो। यो ऐन लागू भएपछि अमिनहरूले नेपालभरिको जग्गा नापेका थिए। कुन क्षेत्रमा कति परिमाणमा जग्गा छ भन्ने कुराको यथार्थ नाप र परिमाण दिएका थिए।

भूमिसम्बन्धी ऐन २०२१ लागू भए पछि पनि सीमान्तकृत कृषकहरू, जो आफैंले खनजोत गर्थे, जमीनको मालिक हुन सकेनन्। उनीहरू धनीमानीहरूको घरमा नियमित वा अस्थायी कृषि मजदूर हुन बाध्य भए। यो कारणले गर्दा, पछिल्लो स्थितिमा पनि सीमान्तकृत कृषकहरूको आर्थिक स्थितिमा सुधार आउन सकेन। उनीहरू भूमिहीन रहेको अवस्था कायम नै रह्यो।

हालको कानूनी व्यवस्था– 'भूमि सम्बन्धी (आठौं संशोधन) ऐन २०७६' ले पनि सीमान्तकृत कृषकहरूको हातमा जमीन पुर्याउन सकेको देखिएको छैन। घडेरी र जमीनविहीन सीमान्त कृषकहरूलाई स्थानीय सरकारले जमीन खरीद गरेर उपलब्ध गराउने हो भने बहुसङ्ख्यक गरीब कृषकहरूको आर्थिक जीवनमा सुधार आउन सक्छ। र त्यस किसिमले जमीन पाउने कृषकहरूले उन्नत किसिमले कृषि कार्य गरेमा कृषि उत्पादन वृद्धि हुनुका साथै उत्पादकमा समेत वृद्धि हुन सक्छ। कृषि उत्पादनका लागि पनि नेपाल अहिले भारतप्रति अति निर्भर हुन पुगेको छ भने अर्कोतिर जग्गा हुनेहरू पनि कृषि पेशामा नलागेर अरबतिर लाग्ने प्रवृत्ति बढेर गएको छ।

स्थानीय, प्रान्तीय एवं सङ्घीय स्तरमा कृषिमा ठूलो लगानी गरेर, कृषिमा उन्नत प्रविधि प्रयोग गरेर, कृषिलाई सम्मानित पेशाको दर्जा दिएर, सीमान्तकृत वा अति गरीब कृषकहरूलाई जमीन उपलब्ध गराएर, कृषि उत्पादनमा वृद्धि गर्ने हो भने नेपालका अति विपन्न परिवारहरूको आर्थिक स्तरमा सुधार ल्याउनुका साथै राष्ट्रिय गरिमा पनि बढाउन सकिन्छ।

नेपालमा व्याप्त गरीबी कम पार्न तथा कृषि उत्पादकत्व अभिवृद्धि गर्न अति विपन्न परिवारहरूको हातमा पनि जग्गा हुन आवश्यक छ। उद्योग एवं व्यापारको क्षेत्रमा हामी अति पछाडि रहेको, कृषि मात्र भरपर्दो रोजगार एवं आयको क्षेत्र हुन पुगेकोले हामीले गरीबहरूको हातमा पनि जग्गा पुर्याउन आवश्यक छ।

अति गरीबहरूलाई गरीबीको दुष्चक्रबाट बाहिर ल्याउन विद्यमान भूमि व्यवस्थामा व्यापक सुधार गर्न आवश्यक छ। स्थानीय, प्रान्तीय तथा सङ्घीय सरकारले जग्गा खरीद गरेर विपन्न परिवारलाई उपयोग गर्न (सदाका लागि वा लिजमा) दिने हो भने निश्चय पनि कृषि उत्पादनमा वृद्धि हुनेछ। यसरी सरकारबाट जग्गा पाउने विपन्न परिवार हरू सामूहिक खेती गरेर वा आफ्नो जमीन अरूलाई भाडामा दिएर राम्रो आय गर्न सक्छन्।

नेपालजस्तो विकासशील मुलुकमा भूमिले आर्थिक क्षेत्रमा ठूलो महत्त्व राख्दछ। नेपालमा उद्योग, व्यापार र कृषिको सन्तोषजनक विकास नभएको र यी क्षेत्रहरूले भरपर्दो किसिमले रोजगार उपलब्ध गराउन नसकेको परिप्रेक्ष्यमा वर्तमान भूमि व्यवस्थामा सुधार ल्याउन अति आवश्यक छ। सीमान्तकृत कृषक (कृषि मजदूर) हरूको हातमा जमीनको सानो अंश भए पनि पुर्याउन आवश्यक छ।

# नेपालमा खरीद गरेको फोनको आइएमइआई दर्ता गर्नुनपर्ने

काठमाडौं, २४ असार/रासस

नेपाल दूरसञ्चार प्राधिकरणले नेपालमा नै खरीद गरिएको मोबाइल फोनमा इन्टरनेशनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर (आइएमइआई) नम्बर दर्ता गर्नुनपर्ने जनाएको छ।

प्राधिकणले बुधवार एक सूचना जारी गर्दै व्यावसायिक हिसाबले नियम अनुसार आयात भई नेपालमा नै खरीद भई प्रयोगमा रहेका मोबाइल सेटको पुनः आइएमइआई नम्बर दर्ता गर्नुनपर्ने जनाएको छ। मोबाइल सेटको गैरकानूनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गरी यसलाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि प्राधिकरणले साउन १ गतेदेखि मोबाइल म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गर्दैछ।

"धेरै मोबाइलका ग्राहकलाई प्रयोगमा रहेका आफ्नो सेटको आइएमइआई दर्ता गर्नुपर्ने हो कि भनी भ्रम तथा अन्योल उत्पन्न भई प्राधिकरणमा सम्पर्क गर्ने क्रम बढेको छ। प्राधिकरणको वेबसाइटमा उपलब्ध लिङ्कमा दर्ता गर्ने क्रम पनि अत्यधिक वृद्धि भई उक्त प्रणालीमा प्राविधिक समस्या उत्पन्न भई दर्ता प्रक्रियामा अवरोध आएको र सञ्चालन हुन केही समय लाग्नेछ," जारी सूचनामा उल्लेख छ।

नेपालमा मोबाइल सेट खरीद गर्दा नियम अनुसार आयात भई प्राधिकरणमा आइएमइआई दर्ता भएका मोबाइल सेट खरीद गर्न तथा अनिवार्यरूपमा मूल्य अभिवृद्धि कर बिल लिई खरीद गरी अनावश्यक झन्झट एवं अन्योलबाट मुक्त हुन अनुरोध गरेको छ।

विसं २०७४ वैशाख २८ गते प्राधिकरणले अवैध मोबाइल रोक्ने प्रणाली जडान गर्न परामर्शदाता छनोटका लागि बोलपत्र आह्वान गरेको थियो। प्राधिकरणले आह्वान गरेको बोलपत्रमा आवेदन परेका १३ कम्पनीमध्येबाट २०७६ असारमा छनोट भएका कम्पनीले ६ महीनाभित्र उक्त सिस्टम जडान गर्नुपर्ने थियो। जसमा ओएसआई कन्सल्टिङ प्रालि भारत र नमस्ते ग्लोबल कम प्रालि सिङ्गापुरको ज्वाइन्ट भेन्चर छनोट भएको थियो। सम्झौता भएको मितिले ६ महीनाभित्र एमडिएमएस प्रणाली जडान गरेर सञ्चालन ल्याइसक्नुपर्ने भन्दै रु ८० करोडबराबरको ठेक्का दिइएको थियो।

विभिन्न कारणले रोकिएको एमडिएमएस प्रणाली साउन १ गतेदेखि जडान हुँदैछ। विसं २०७३ वैशाखबाट प्राधिकरणले इन्टरनेशनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर (आइएमइआई) नम्बर 'युनिक कोड' दर्ता गर्न शुरू गरेको थियो। पहिलो चरणमा आइएमइआई नम्बर दर्ता र दोस्रो चरणमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) जडान गर्ने जनाएको थियो।

# आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलमा सदस्यहरू नियुक्त

धनुषा, २४ असार/रासस

प्रदेश २ को आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलमा रिक्त सदस्यको पदपूर्ति गरिएको छ। प्रदेश सरकारले आमसञ्चार प्राधिकरणमा दुई र मिडिया काउन्सिलमा चारजनालाई सदस्यमा नियुक्त गरेको छ।

प्रदेश मिडिया काउन्सिलको सदस्यमा कैलाश दास (धनुषा), अर्जुन मण्डल (धनुषा), रिङ्कु मिश्र (धनुषा) र वन्दना झा (सर्लाही)लाई नियुक्त गरिएको छ भने प्राधिकरणको सदस्यमा अमरेन्द्र यादव (सप्तरी) र प्रतिमा चौधरी (बारा)लाई नियुक्त गरिएको छ। प्रदेश २ सरकारले सञ्चार क्षेत्रमा तीन पदाधिकारीलाई यसअघि नै नियुक्त गरिसकेको छ।

सञ्चार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव, मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि भट्टराई र चलचित्र विकास बोर्डको अध्यक्षमा धर्मेन्द्र मोरबैतालाई गत माघ २३ गते नै प्रदेश सरकारले नियुक्त गरेको थियो। श्यामसुन्दर र शिवहरि सप्तरी जिल्लामा रहेर पत्रकारिता गर्दै आएका छन् भने मोरबैता सिराहा निवासी हुनुहुन्छ।

त्यसैगरी, प्रदेश सरकारले चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको सदस्यमा गत वैशाख १० गते अशोक दत्त, पुष्पा यादव र बिएम पटेललाई नियुक्त गरिसकेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरिया चौथो चरणमा प्रवेश गरेको घोषणा

सोल, २४ असार/सिन्ह्वा

दक्षिण कोरियामा कोभिड-१९ का अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भेटिएका बताइएको छ। यहाँ गएको २४ घण्टायता कोभिड-१९ का सङ्क्रमितहरू एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै भेटिएका छन्।

प्राप्त समाचार अनुसार यहाँ गएको २४ घण्टायता मात्र कोभिडका सङ्क्रमितहरू यतिधेरै बढेका हुन्। दक्षिण कोरियाका अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ गएको २४ घण्टामा १ हजार २७५ जना सङ्क्रमित पाइएका छन्।

योसँगै दक्षिण कोरियामा कोभिडका सङ्क्रमितको सङ्ख्या १ लाख ६४ हजार २८ जना पुगेको बताइएको छ। यहाँ पछिल्ला केही हप्तायतादेखि कोभिडका सङ्क्रमितहरूको सङ्ख्या बढ्दो देखिएको छ।

बुधवार मात्र पनि यहाँ देखिएको १ हजार २१२ जना सङ्क्रमित भेटिएका थिए। यहाँ बिहीवार देखिएको यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा धेरै हो। त्यसैले यहाँका अधिकारीहरूले यहाँ कोभिडको चौथो चरण शुरू भएको बताएका छन्।

दक्षिण कोरियामा केही हप्ताअघिसम्म ७०० भन्दा बढी सङ्क्रमित नरहेकामा अहिले आएर भने प्रत्येक दिन एक हजारभन्दा बढी सङ्क्रमित भेटिएका छन्। यो सङ्ख्यामा वृद्धि भएर बुधवार र बिहीवार सङ्क्रमितहरू पाइएको समाचारमा जनाइएको छ।

यहाँका स्वास्थ्य अधिकारीहरूले यसै हप्ता अर्थात् यही जुलाई १ देखि ७ तारिखसम्ममा देशैभर देखिएका सङ्क्रमितको सङ्ख्यालाई देशव्यापी तथ्याङ्कको हिसाब गर्दा अघिल्ला तीन हप्ताको तुलनामा ५३ प्रतिशत बढी देखिएको हो।

यो तथ्याङ्क आएपछि यहाँका स्वास्थ्य अधिकारीहरूले दक्षिण कोरिया औपचारिकरूपमा नै कोरोना महामारीको चौथो चरणमा प्रवेश गरेको बताएका छन्।

बिहीवार देखिएका यी सङ्क्रमितहरूमा ६०० भन्दा बढी राजधानी सोलकै रहेका पाइएको छ। यस कारण पनि धेरैपछि यति धेरै सङ्ख्यामा सङ्क्रमित देखिंदा देश कोरोना महामारीको अर्को चरणमा प्रवेश गरेको बताइएको हो।

यहाँ कोरोनाविरुद्धको खोप अभियानलाई व्यापक बनाइएको छ। जसका कारण यहाँ यो सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्यामा भने कमी देखिएको स्वास्थ्य क्षेत्रका अधिकारीहरूले जनाएका छन्।

### भारतमा सङ्क्रमितको सङ्ख्यामा वृद्धि




नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्यामा फेरि वृद्धि भएको छ। पछिल्ला केही दिन लगातार घट्दै गएकोमा बिहीवार फेरि वृद्धि भएको अधिकारीहरूले जानकारी दिएका छन्।

उनीहरूका अनुसार पछिल्लो २४ घण्टामा भारतमा कोरोना भाइरसबाट ४५ हजार ८९२ जना नयाँ सङ्क्रमित थपिएका छन्। यसअघि बुधवार एक दिनमा नयाँ सङ्क्रमितको सङ्ख्या ४३ हजार ७३३ रहेको विवरण सङ्घीय स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको थियो।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको कुल सङ्ख्या भने चार लाख ६० हजार ७०४ रहेको मन्त्रालयले जनाएको छ। कुल सङ्क्रमितमध्ये १.५ प्रतिशत मात्रै अहिले सङ्क्रमित अवस्थामा छन्। मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा भारतमा ८१७ जनाको कोरोना भाइरसका कारण मृत्यु भएको छ। योसँगै भारतमा अहिलेसम्म कोरोना भाइरसका कारण कुल मृतकको सङ्ख्या चार लाख पाँच हजार २८ पुगेको छ।

### कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख नाघ्यो

बेइजिङ/सिन्ह्वा

कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख नाघेको छ। जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा ४० लाख ९२९ जनाको मृत्यु भएको छ। विश्वभरि कुल सङ्क्रमितको सङ्ख्या १८ करोड ५० लाख २९ हजार ९६० जना रहेका छन्। विश्वभर तीन अर्ब ३२ करोड ५५ लाख ६७ हजार १३२ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

### विश्वभर तीन अर्ब ३२ करोड ५५ लाख ५९४ मात्रा खोप लगाइयो

बाल्टिमोर/एएफपी

विश्वभर तीन अर्ब ३२ करोड ६५ लाख ४० हजार २३१ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्क यस प्रकार रहेका छन्।

चीनमा एक अर्ब ३३ करोड १६ लाख ७९ हजार मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ३६ करोड ८१ लाख १२ हजार ११३ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

अमेरिकामा ३३ करोड ५ लाख ६० हजार ७३५ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्रजीलमा दश करोड ३० लाख ६२ हजार ६०९ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। बेलायतमा आठ करोड २ लाख १२ हजार ६६८ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। जर्मनीमा सात करोड ८६ लाख ७२ हजार ९२ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

पोल्यान्डमा छ करोड ७ लाख ५९ हजार ७४४ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। फ्रान्समा पाँच करोड ७२ लाख ७९ हजार १९८ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। टर्कीमा पाँच करोड ५४ लाख ६३ हजार ४०० मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। इटालीमा पाँच करोड ५४ लाख ५६ हजार २७६ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। रासस

## दक्षिण अफ्रिकी पूर्वराष्ट्रपतिद्वारा आत्मसमर्पण

कान्डला, २४ असार/एपी

दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति जाकोब जुमाले प्रहरीसमक्ष आत्मसमर्पण



पूर्वराष्ट्रपति जाकोब जुमाले। तस्वीरः एपी

गरेका छन्। अदालतको मानहानि गरेको अभियोगमा उनलाई अदालतले १५ महीने जेल सजाय तोकेको छ। प्रहरीले पक्राउ गर्न लागेको भन्दै खबर पाएपछि उनले आत्मसमर्पण गरेको जनाइएको छ।

स्थानीय समय अनुसार बुधवार अबेर उनी आफ्नो निवासनजीकै रहेको जेल पुगेको उनी निकटका अधिकारीहरूले जानकारी दिएका छन्। उनलाई समय तोकेर आत्मसमर्पण गर्न निर्देशन दिएकोमा समयावधि सकिनै लाग्दा मात्रै उनले आत्मसमर्पण गरेका हुन्।

सन् २०१८ मा आफ्नै दलले पदबाट बाहिरिन बाध्य पारेका ७९ वर्षीय जुमाका अझै पनि हजारौं समर्थक छन्। उनी आफैं आत्मसमर्पणका लागि गएको विषयलाई उनका समर्थकहरूले इमानदारितापूर्वक अदालतको आदेश पालना गरेको रूपमा व्याख्या गरेका छन्।

उनकी छोरीले पनि अदालतको आदेश पालनाका लागि आफ्ना पिता जाँदै गरेको र उनको मनोबल उच्च रहेको सामाजिक सञ्जालमा लेखेकी छन्। उनलाई आफ्नो नौ वर्षे कार्यकालमा भएको भ्रष्टाचारसम्बन्धी सुनुवाइका क्रममा सबुत पेश गर्न केही समय अगाडि दिइएको आदेश नमानेको आरोपमा १५ महीना लामो जेल सजाय सुनाइएको थियो।

दक्षिण अफ्रिकामा पूर्वराष्ट्रपतिलाई जेल सजाय सुनाइएको यो नै पहिलोपटक भएको जानकारहरू बताउँछन्। रासस


**सेल्सम्यान चाहियो**

- कम्तीमा ५ वर्षको मार्केटिङ अनुभव भएको।
- मोटरसाइकलको सवारी चालक अनुमतिपत्र भएको।

**हिमाली केमिकल एन्ड परफ्युमरी उद्योग**

सम्पर्क : ९८५५०२१९४७


# विकास खर्चको कन्तबिजोग


अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com


**कर्मचारी संयन्त्रलाई दोष दिएर पनि हुँदैन किनभने यो सरकारकै अङ्ग हो। पूँजीगत खर्च निराशाजनक हुनु मुलुकका लागि उत्साहप्रद होइन। सरकारले यसको गम्भीर समीक्षा गर्नुपर्छ। खर्चको प्रवृत्तिका सबै पक्षमा सुधार आवश्यक छ। यस्ता विषयमा तत्काल ध्यान जान सकेमा आगामी दिनमा पूँजीगत खर्च लक्षितरूपमा प्राप्त हुनेछ।**

विगतका वर्षजस्तै यसपटक पनि पूँजीगत बजेट खर्च र असारे विकास चर्चाको शिखरमा छ। असार लागेपछि शहरदेखि गाउँसम्म एक किसिमले विकासको लहर चलेको छ। विकासे मन्त्रालय र अन्तर्गतका निकायहरूलाई असारे विकास गर्न भ्याइनभ्याइ छ भने अन्य सरकारी निकायलाई पनि पाएको बजेट बढीभन्दा बढी कसरी खर्च गर्ने भन्ने चटारोले पिरोलेको छ। यसरी प्रत्येक वर्ष बजेट खर्च गर्न असारै पर्खनुपर्ने प्रवृत्ति झाँगिंदै गएको छ। आर्थिक वर्ष सकिन अब एक साता मात्र बाँकी छ। यही बेला सरकार विकासे खर्चको दबाबमा देखिएको छ। विकास खर्च बढाउन दैनिक एक अर्ब रुपियाँभन्दा बढी पूँजीगत खर्च हुने गरेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ। चालू आर्थिक वर्षको असार महीनाको १३ गतेसम्म कुल पूँजीगत बजेटमध्ये १ खर्ब ५८ अर्ब ३७ करोड ६१ लाख रुपियाँ खर्च भएको छ। यो चालू आवका लागि कुल विनियोजित पूँजीगत बजेटको ४४.८८ प्रतिशत हो।

विगतका वर्षजस्तै यो वर्ष पनि कोरोना महामारीले समयमा काम नसकिएको बहाना बनाउँदै आएको सरकारले आगामी दुई साताभित्र कुल विनियोजित विकास बजेटको लक्ष्य भेटाउन ५५.१२ प्रतिशत खर्च गर्नुपर्ने हुन्छ। सरकारले चालू आर्थिक वर्षको बजेटमा पूँजीगत खर्चतर्फ कुल तीन खर्ब ५२ अर्ब ९१ करोड ७५ लाख विनियोजन गरेको थियो। चालू आवको अन्त्यतिर आएर हतारमा ह्वात्तै खर्च बढाउन कसिएको सरकारले अब बाँकी एक साताभित्र एक खर्ब ९४ अर्ब ५४ करोड १४ लाख रुपियाँ खर्च गर्नुपर्नेछ। उक्त लक्ष्यमा पुग्न दैनिक २० अर्बभन्दा बढी खर्च गर्नुपर्ने हुन्छ। सरकारले समयमैं सकिएको कामको भुक्तानी पनि असारमैं गर्ने हुनाले बजेट खर्च ह्वात्त बढेको देखिने बताउँछ। तर आर्थिक वर्षको अन्तिममा बजेट सकाउन गरिने काम गुणस्तर नहुने भएकोले अन्तिममा खर्च हुने परम्परा रोक्नुपर्ने अर्थ विज्ञहरूले बताउँदै आएका छन्।

विगत दश वर्षको बजेट कार्यान्वयनको तथ्याङ्क हेर्दा औसत बजेट खर्च ८३ प्रतिशत र पूँजीगत बजेट खर्च ७० प्रतिशत हाराहारीमा छ। विगतको तुलनामा पछिल्ला तीन वर्षको बजेट कार्यान्वयनको अवस्था झन् निराशाजनक छ। बजेट कार्यान्वयन कार्यतालिका अनुसार आयोजना र कार्यक्रम कार्यान्वयन समयबद्धरूपमा नगरी पहिलो चौमासिकमा सिन्कै नभाँच्ने, दोस्रोमा पाइला चाल्न खोज्ने र तेस्रो चौमासिकमा पनि चैत, वैशाख र जेठमा मात्र बामे सर्ने अनि असारमा खरायोको गतिमा कुद्ने परिपाटीले कुल पूँजीगत बजेट खर्चको ४० प्रतिशत असारमा मात्र भएको पछिल्ला पाँच वर्षको तथ्याङ्कले देखाउँछ। जेठ र असारको खर्च हेर्दा बजेटको औसत ५० प्रतिशत, आवको अन्तिम दुई महीनामा खर्च हुने गरेको छ। दश-एघार महीना कुम्भकर्णजस्तै निद्रामा लीन हुने र असारमा आएर प्रगति देखाउनकै लागि हतारहतार काम गर्दा एकातिर कामको गुणस्तरमा बारम्बार प्रश्नचिह्न उठ्ने गरेको छ भने अर्कोतिर आर्थिक अनुशासनसमेत उल्लङ्घन भएका घटना बारम्बार बाहिरिने गरेको छ। यसरी प्रगति देखाउनकै लागि हतारमा गरिने असारे विकास पनि आवश्यक ठाउँमा नपुगी सुगम र छिटो खर्च गर्न सकिने ठाउँमा केन्द्रित भएको तथ्य शहरी क्षेत्रहरूमा कालोपत्र सडकमाथि पुनः कालोपत्र गर्ने र सडकमा माटो पुर्ने कार्यले पुष्टि गरेको छ।

बजेटको कहिल्यै निको नहुने अर्को रोग रकमान्तर-मोह हो। बजेट खर्च नहुने आयोजनामा मन फुकाएर रकम विनियोजन गर्ने अनि सहजरूपमा कार्यान्वयन हुने र खर्च गर्न सकिने आयोजनामा न्यून बजेट विनियोजन गर्ने, आफ्नो सहजता र अनुकूलताका आयोजनामा वर्षको अन्त्यतिर रकमान्तर गरी खर्च गर्ने परिपाटीले प्रत्येक वर्ष बजेटको ठूलो हिस्सा प्रस्तावित आयोजना तथा कार्यक्रमबाट अन्यत्र रकमान्तर गर्नुपर्ने अवस्था सिर्जना भएको छ। पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा पूँजीगत बजेट औसत ३५.७ प्रतिशत रकमान्तर गरिएको छ भने कुल बजेट खर्चमा यो हिस्सा २३.८ प्रतिशत छ। राष्ट्रिय नीति अनुरूप आयोजनाको प्राथमिकता निर्धारण गरी पहिलो प्राथमिकतामा मुलुकको आर्थिक-सामाजिक तथा पूर्वाधार विकासमा उल्लेख्य योगदान पुऱ्याउने र छिटो सम्पन्न गर्न सकिने थोरै आयोजनालाई पर्याप्त बजेट विनियोजन गर्नुपर्नेमा सबैलाई भाग पुऱ्याउनेगरी बजेट छर्ने परिपाटीले ९१ प्रतिशत आयोजना पहिलो प्राथमिकतामा राखिएका छन् भने दोस्रोमा ९ प्रतिशत राखिएका छन्।

यसरी आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न पदाधिकारीको दायित्वबोध र ठेक्का प्रणाली पुनरवलोकन नै लक्षित पूँजीगत खर्च वृद्धिको आधार हो। हुन त विगतको तुलनामा खर्च प्रणाली, कार्यान्वयन विधि, भुक्तानी प्रक्रिया र समग्र प्रणालीमा धेरै सुधार भएको छ। तर प्रशासनिक कार्यविधि र प्रक्रियामा अझै पनि धेरै समस्या छन्। सार्वजनिक खरीद ऐनले उत्पन्न गरेको अप्ठ्यारो के हो भन्ने पहिचान गरेर समस्यालाई सम्बोधन गर्नैपर्छ। ठेक्का प्रणालीमा पनि पुनरवलोकनको आवश्यकता छ। ठेकेदारले समयमा काम अगाडि नबढाए, बीचैमा छोडे वा कुनै किसिमले ठेक्का तोड्नुपरेमा उसले गरेको कामको मूल्याङ्कन गरी क्षतिपूर्ति भराई बाँकी भुक्तानी दिने प्रावधान लागू गर्नुपर्छ। बाँकी कामको हकमा सोही बाँकी ठेक्का रकममा नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने वार्षिक राष्ट्रिय मूल्यवृद्धि सूचकाङ्क अनुसार वृद्धि गरी दोस्रो कम ठेक्का कबोल गर्ने ठेकेदार वा त्यसले नचाहेमा तेस्रोलाई दिने व्यवस्था गर्ने र मूल्यवृद्धिबाट बढ्ने रकम ठेक्का तोडिने ठेकेदारसँग क्षतिपूर्तिको रूपमा असुल उपर गर्ने व्यवस्था गर्नु अहिलेको आवश्यकता देखिएको छ।

पहिलो चौमासिक अवधिमा कुनै आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि नबढेमा तत्काल बजेट तान्नेगरी अन्यत्र दिन सकिने व्यवस्था विनियोजन ऐनमैं गर्ने, पूर्व योग्यता निर्धारणको माध्यमबाट ठेक्का लगाउने प्रणालीले मूल्यमा प्रतिस्पर्धा नहुने र मिलेमतोमा आयोजना बाँडफाँड हुने विकृतिहरू पनि देखिएका छन्। यस प्रक्रियामा संशोधन गरी आयोजना कार्यान्वयनमा बढीभन्दा बढी ठेकेदारले प्रतिस्पर्धा गर्न पाउने किसिमको बनाउन सक्नुपर्दछ। सवारी साधन, कार्यालयका सामान, जग्गा, सफ्टवेयरजस्ता स्थिर सम्पत्ति र सामग्रीहरूको खरीदबाट पूँजीगत खर्च वृद्धि हुनुलाई प्रगति मान्ने मान्यताबाट बाहिर निस्केर आयोजना प्रमुख, विभागीय प्रमुख र सम्बन्धित लेखा अधिकारीलाई आफ्नो दायित्वप्रति कानूनीरूपमैं जवाफदेह बनाउन सकिएन भने पूँजीगत बजेट खर्च न्यून हुने समस्या ज्यूँका त्यूँ रहने छ।

पूँजीगत बजेट खर्च बढाउने अर्को महत्त्वपूर्ण औजार हो अनुगमन। अनुगमन प्रणालीलाई अझ बढी प्रभावकारी र परिणाममुखी बनाउनुपर्ने आवश्यकता देखिएको छ। त्यस्तै आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न पदाधिकारी एवं ठेकेदार र परामर्शदातालाई तोकिएको जिम्मेवारीप्रति उत्तरदायी बनाउने, केन्द्रले कार्यान्वयनको चरणमा रहेका साना तथा मझौला आयोजनाहरू स्थानीय तह र प्रदेशमा हस्तान्तरण गर्ने एवं खर्चको गुणस्तर र समयलाई केन्द्रविन्दुमा राखेर आयोजना कार्यान्वयन गर्न सकियो भने आगामी दिनमा पूँजीगत खर्च बढ्ने निश्चित छ। पूँजीगत बजेट खर्च बढाउनका लागि सार्वजनिक खरीद ऐन संशोधन गर्नु अपरिहार्य भइसकेको छ। ऐन संशोधन गर्दा सबै वस्तु तथा सेवा र निर्माणको खरीद प्रणाली एउटै नगराई अहिले देखिएका समस्यालाई ध्यानमा राखेर फरकफरक किसिमको प्रक्रिया र विधि लागू गर्न सक्ने तथा ठेकेदारले एकपटकमा बढीमा पाँचवटा मात्र ठेक्का गर्न पाउने व्यवस्था गर्नु उपयुक्त देखिन्छ। त्यसो भएमा न्यून बोल-कबोलमा धेरै ठेक्का हात पारी सधैं अधूरो छाड्ने समस्याबाट छुटकारा पाउन सकिन्छ। यसरी लक्ष्य अनुसार पूँजीगत बजेट खर्च नहुनु कर्मचारी संयन्त्रको क्षमतामाथि पनि प्रश्न हो। उनीहरूको क्षमता अभिवृद्धि गर्ने, नीतिगत सुधार गर्ने र दुरूपयोग नहुनेगरी पूँजीगत बजेट खर्च हुने प्रबन्ध मिलाउने जिम्मेवारी सरकारको हो। कर्मचारी संयन्त्रलाई दोष दिएर पनि हुँदैन किनभने यो सरकारकै अङ्ग हो। पूँजीगत खर्च निराशाजनक हुनु मुलुकका लागि उत्साहप्रद होइन। सरकारले यसको गम्भीर समीक्षा गर्नुपर्छ। खर्चको प्रवृत्तिका सबै पक्षमा सुधार आवश्यक छ। यस्ता विषयमा तत्काल ध्यान जान सकेमा आगामी दिनमा पूँजीगत खर्च लक्षितरूपमा प्राप्त हुनेछ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मित्रमिलन | वृष | धनखति |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | सफलता |
| तुला | आलस्यता | वृश्चिक | वादविवाद |
| धनु | व्यापारवृद्धि | मकर | कडापरिश्रम |
| कुम्भ | कार्यनाश | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वर्गीकृत विज्ञापन






# असारमा पनि चल्न सकेन जनकपुर-जयनगर रेल

प्रस, वीरगंज, २४ असार/

भारतबाट दुईवटा रेल नेपाल आएको १० महिना बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन ।



तस्वीरः फाइल

सञ्चालनमा ढिलाइ भएपछि दुईवटै रेललाई पालले छोपेर राखिएको छ । गत वर्ष २०७७ असोज २ गते आएका दुईवटा रेल सञ्चालन हुन नसक्दा अन्य भौतिक पूर्वाधार तथा रेल सेटको इन्जिन र डिब्बामा पनि खराबी आउन सक्ने चिन्ता बढेर गएको छ ।

भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय मातहत रहेको नेपाल रेलवे कम्पनीले रेल सञ्चालन तथा व्यवस्थापनको जिम्मा पाएको छ । तर रेल आउनुभन्दा अगावै अन्य प्राविधिक कुराको व्यवस्थापन गर्न नसक्दा रेल चलाउने मिति सर्दै गरेको छ ।

सरकारले यही असार मसान्तभित्र रेल चलाउने तयारी गर्दै प्राविधिक कुराको व्यवस्थापनमा जुटेको थियो । तर असारमा रेल चल्ने सम्भावना न्यून रहेको रेल विभागका सिनियर डिभिजनल इन्जिनियर तथा प्रवक्ता अमन चित्रकारले बताए । उनले रेल कहिले चल्छ भन्नेबारेमा अहिलेसम्म टुङ्गो नलागेको बताए । उनले कर्मचारीलाई तालीम दिने काम असार २५ मा सकिन्छ र रेल सेट खरीद गरिएको कम्पनीकै जनशक्ति र प्राविधिकबाट प्रारम्भिक चरणमा रेल सञ्चालन गर्ने लक्ष्य राखिएको प्रस्टयाए ।

नेपाल रेलवे कम्पनीको मातहत भारतीय प्राविधिकको सहयोगमा रेल सञ्चालन गर्ने लक्ष्य रहेको उनले बताए । नेपाल सरकारले भारतीय कम्पनी कोंकण रेलवे निगमबाट रु ८४ करोड ६५ लाखमा दुईवटा सेट रेल खरीद गरेको हो ।

त्यसै कम्पनीका प्राविधिक, जनशक्तिलाई सुरुआती चरणमा उपयोग गरी अघि बढ्ने सरकारी पक्षको सोच रहेको र यसमा पनि केही साता लाग्ने उनले बताए । साउन अन्तिमसम्म तयारी पूरा हुन सक्ने अनुमान गरिएको उनको भनाइ छ ।

रेल सेट खरीद सम्झौता गर्ने बेलामै भारतसँग २६ जना प्राविधिक ल्याउनेबारे टुङ्गो लगाउन नसक्दा अहिले यस्तो समस्या आएको हो । शुरुमा जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेल चल्ने र पछि थप १७ किमी दूरीमा रहेको बिजलपुरासम्म रेल पुग्ने नेपाल रेलवे कम्पनीले जनाएको छ ।

# भन्सार छलीका ४३ लाख मूल्यका स्याउ, केराउ बरामद

प्रस, परवानीपुर, २४ असार/

जिल्ला प्रहरी कार्यालय पर्साले भन्सार छली भित्र्याइएको सामानसहित एक ट्रक र नेपालबाट तस्करीको माध्यमबाट भारत लैजाँदै गरेको केराउ र स्याउ लोड रहेका दुईवटा ट्याक्टर नियन्त्रणमा लिएको जनाएको छ ।

प्रदेश नं २ प्रहरी कार्यालय, जनकपुरको सूचनाको आधारमा पर्सा प्रहरीले ना.१त ७०४५ र ना.४त ८५६२ नं का ट्याक्टर नियन्त्रणमा लिएको जिप्रका पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए । वीरगंज महानगर-१९ बहुअरीतर्फ जाँदै गरेका २४ हजार किलो स्याउ र ६ हजार किलो केराउ लोड दुईवटा ट्याक्टर नियन्त्रणमा लिएको उनले बताए ।

मङ्गलवार राति करीब १२ बजे नियन्त्रणमा लिएको उनले जानकारी गराए । प्रहरीले चेकजाँच गर्न खोज्दा ट्याक्टरका चालकहरू फरार भएका उनले बताए । बरामद सामानको अहिलेसम्म कसैले दाबी नगरेको उनको भनाइ छ । बरामद स्याउ, केराउ र ट्याक्टर आवश्यक कारबाईको लागि वीरगंज भन्सार कार्यालय पठाइएको उनले बताए । यसैगरी, वीरगंज महानगर-८ घण्टाघरमा खुला सामान बोकी नारायणघाट जाँदै गरेको जय बजरङ्ग बली ट्रान्सपोर्टको ना.२ख ८६१७ नम्बरको ट्रक नियन्त्रणमा लिएको उनले बताए । भन्सार छलीका करीब रु २० लाखको सामान सो ट्रकबाट बरामद भएको उनले बताए । बिल बिजक नभएको र दुई दिनसम्म सो सामानको मागदाबी नगरिएपछि हिजो आवश्यक कारबाईका लागि राजस्व अनुसन्धान विभाग पथलैया बारा एकाइ कार्यालयमा बुझाइएको प्रवक्ता खनालले बताए । ट्रकका चालक पनि फरार हुन सफल भएको उनले बताए ।



प्रहरीले बरामद गरेको ट्याक्टरसहित केराउ । तस्वीरः प्रतीक

# प्रतिगमनविरुद्ध विद्यार्थी सङ्गठनद्वारा प्रदर्शन

प्रस, वीरगंज, २४ असार/

पाँच विद्यार्थी सङ्गठनले वीरगंजमा बिहीवार प्रतिगमनविरुद्ध प्रदर्शन गरेका छन् ।

घण्टाघरमा विद्यार्थी सङ्गठनका नेता, कार्यकर्ता सहभागी भएर प्रतिगमनविरुद्ध आज देशव्यापी कार्यक्रम अन्तर्गत सिटी बजाएका थिए । यसैगरी, उनीहरूले प्रतिगमन-२ मुर्दाबाद, राष्ट्रपति मुर्दाबाद, प्रधानमन्त्री नो मोर जोक्स जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।

सिटी र प्लेकार्ड प्रदर्शनपछि आयोजित कोणसभामा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रभाकर गुप्ताले प्रधानमन्त्रीलाई प्रतिगमन सच्चाउन आग्रह गरे । प्रधानमन्त्रीको कदम संविधानविपरीत भएको दाबी गर्दै उनले यस प्रकारको घटना प्रधानमन्त्रीबाट दोहरिनु घातक राजनीतिक सङ्केत भएको बताए । कविराज पटेलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थी नेताहरू विकेश पटेल, जुबेर आलम, एहसान अन्सारीलगायतको सहभागिता थियो ।



प्रतिगमन विरुद्ध प्रदर्शन गर्दै छात्र । तस्वीरः प्रतीक

# जीपबाट गाँजा बरामद

प्रस, वीरगंज, २४ असार/

जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोलीले पिकअप जीपबाट ५७ किलो ९ सय ग्राम गाँजा बरामद गरेको छ ।



तस्वीरः सौजन्य

हिजो साँझ ना.४च ५०१५ नम्बरको बोलेरो पिकअप जीपबाट सो परिमाणमा गाँजा बरामद भएपछि चालक चितवन जिल्ला राप्ती नगरपालिका-६ बस्ने वर्ष २६ का सञ्जय चौधरी र जीपमा सवार सोही ठाउँ बस्ने ४८ वर्षीय लालजी साहलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाइएको छ । इलाका प्रहरी कार्यालय रातोमाटेको टोलीले हेटौंडा उपमहानगरपालिका-१५ पीपल चौतारा नजीकै चितवनबाट बारा जिल्ला आउँदै गरेको सो जीपको चेकजाँच गर्दा प्लास्टिकमा पोका पारिएको गाँजा बरामद भएको जिप्रका मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले बताए । जीपको पछाडिको भागमा फल्स बटम बनाएर गाँजा राखिएको उनले बताए । बरामद गाँजा र पक्राउ परेका दुईजनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको र कसूर अनुसार कारबाई अगाडि बढ्ने उनले बताए ।

# बिहीवार तीनजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २४ असार/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले बिहीवार साँझ तीनजना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले आज सङ्क्रमित पुष्टि हुने तीनैजना युवक भएको बताए । २९-३१ वर्ष उमेरका तीनजना युवकमा सङ्क्रमण पुष्टि भएको र उनीहरूको सिटी भ्यालु १९ देखि ३३ सम्म रहेको उनले बताए ।

अस्पतालको पिसिआर प्रयोगशालामा आज ५७ जनाको स्वाब परीक्षण गरिएको थियो । यसअघि हिजो ५६ जनाको स्वाब परीक्षण गर्दा सङ्क्रमित पुष्टि नभएको कोभिड संयोजक डा सिंहले जानकारी गराए ।

# मोतीबिन्दु भएका बालकको शल्यक्रिया

प्रस, परवानीपुर, २४ असार/

वीरगंज सामुदायिक आँखा अस्पतालमा एकजना दश वर्षीय बालकको मोतीबिन्दुको सफल शल्यक्रिया गरी आँखाको ज्योति फर्काइएको छ ।



जन्मदेखि बायाँ आँखामा मोतीबिन्दु भएका पर्सागढी नगरपालिका-६ निवासी १० वर्षीय उज्ज्वल कुमारको आँखाको ज्योति फर्केको हो । आर्थिक समस्याका कारण उनको उपचार पर्सागढी नगरपालिकाको खर्चमा गरिएको थियो । अस्पतालका चिकित्सक डा अमृत आचार्यको टोलीले शल्यक्रिया गरी बालकको आँखाको ज्योति फर्काएको अस्पतालका संयोजक महेशसिंह धामीले बताए । अहिले उज्ज्वलले दुवै आँखाबाट देख्न थालेको उनका परिवारले बताएका छन् । जन्मदै मोतीबिन्दु भएको कारण उज्ज्वलले बायाँ आँखाबाट देख्न सक्दैनथिए ।

# पोखरियामा निश्शुल्क आँखा शिविर सम्पन्न

प्रस, पोखरिया, २४ असार/

किरण आँखा अस्पतालको आयोजनामा बिहीवार पोखरियामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।



पोखरिया नगरपालिका-४ बजार क्षेत्रमा भएको निश्शुल्क आँखा शिविरमा ५८ जनाको आँखा परीक्षण गरिएको र ११ जनामा मोतीबिन्दु फेला परेको अस्पतालका सञ्चालक डा अमर क्यालले बताए । उनले मोतीबिन्दु फेला परेका ११ जनाको आगामी सोमवार असार २८ गते निश्शुल्क शल्यक्रिया गरिने जानकारी गराए ।

## नाका बन्दले चोरबाटो....

अध्ययनरत धेरैजसो विद्यार्थीको पहुँच प्रविधिमा नभएको चर्चा गर्दै उनले वैकल्पिक शिक्षा सम्भव नभएकाले विद्यालय सञ्चालनमा आउनै पर्नेमा जोड दिए ।

कार्यक्रममा ठाराब क्याम्पसका प्राध्यापक वीरेन्द्र साहले दुवै देशका सीमा क्षेत्रका बासिन्दाबीच रोटीबेटीको सम्बन्ध राम्रो भएपनि राज्यबीच राम्रो सम्बन्ध नहुँदा समस्या हुने गरेको बताए । उनले दुवै देशमा नागरिकताको विषयमा समस्या रहेको बताए । उनले भारतीय चेली विवाहपश्चात् नेपालको नागरिक सहजरूपमा हुने तर भारतमा बिहे गर्ने नेपाली चेलीले भने त्यहाँको नागरिक हुनका लागि समस्या झेल्नुपर्ने बताए । उनले यसमा समानता हुन जरुरी भएको तर्क गरे । उनले राज्यबीचको विभेदलाई दुवै देशका नागरिक मिलेर कम गरे मात्रै क्रस बोर्डर समस्या समाधान हुने बताए ।

नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले कोरोनाको सुरुआतमा भारतीय मिडियाले नेपाली व्यक्तिलाई लक्षित गरेर कोरोना सङ्क्रमण फैलाएको भनी गलत प्रचार गरेको बताए । यसैगरी, राजनीतिक मुद्दामा पनि नेपालका प्रधानमन्त्री र राष्ट्रपतिलाई जोडेर भारतीय सञ्चारमाध्यमले आपत्तिजनक समाचार प्रसारण गरेको, अहिले बाढीको समयमा पनि प्राकृतिक विपद्मा नेपालको खोलाबाट अनधिकृत पानी पठाएको भनेर समाचार आउनु आपत्तिजनक भएको बताए । उनले सीमाका समाचारमा दुवै देशका सञ्चारकर्मीहरूलाई जिम्मेवारीपूर्वक प्रस्तुत हुन सुझाए । अनर्गल प्रचारबाजीले नागरिकमा भ्रम सिर्जना गर्ने र त्यसबाट दुवै देशबीचको सम्बन्ध बिग्रने हुँदा सम्बन्ध सुधारको प्रयासमा लाग्न आग्रह गरे ।

रक्सौलका पत्रकारद्वय गणेश शङ्कर र मनोज गुप्ताले एकअर्काविरुद्धको अनर्गल समाचारले सम्बन्धमा सुधार नहुने बताए । उनीहरूले दुवै देशका पत्रकार सीमावर्ती नागरिकका विषयमा संवेदनशील भएको खण्डमा समान मुद्दाहरूको निराकरण हुन सक्ने तर्क गरे । उनीहरूले सोशल मिडियाबाजीमा पनि दुवै देशका नागरिक गम्भीरतापूर्वक प्रस्तुत हुन सुझाए ।

मानव अधिकार पत्रकार सङ्घका अध्यक्ष घनश्याम खड्काको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार नम्रता शर्माले कार्यपत्र प्रस्तुत गरेकी थिइन् भने नेपाल पत्रकार महासङ्घका सदस्य केसी लामिछाने, प्रदेश महासचिव श्याम बन्जारालगायतले आआफ्नो धारणा राखेका थिए । कार्यक्रममा प्रदेश नं २ का आठवटै जिल्लाका पत्रकारहरूको सहभागिता थियो ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

वर्षातको समयमा अधिक वर्षाको कारण डुबान तथा पानीजन्य प्रकोपको सम्भावनाहरू बढी हुन सक्छ; त्यसैले

- डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालू अवस्थामा राखौं ।
- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचनाप्रणालीको व्यवस्था गरौं ।
- बाढी तथा पानीको बहाव बढेको सुसूचित गराउन साइरन जडान, एसएमएस, एफएममा सूचना दिने जस्ता विकल्पहरू तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग